जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक २८६ २०८३ साल असार ११ गते बिहीबार (25 June 2026 Thursday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : प्रतिभा प्रस्फुटनले सङ्घीयताप्रति. ३ पृष्ठमा : चोरी गरी अमेरिका ... ३ पृष्ठमा :तेहरान स्थित भारतीय दूतावास..

## कञ्चनरुपमा तीन दिने आधारभूत पत्रकारिता तालिम सुरु



**दैनिक समाचारदाता**
**राजविराज, १० असार ।**

सप्तरीको कञ्चनरुप नगरपालिकामा बुधबारदेखि तीन दिने आधारभूत पत्रकारिता तालिम सुरु भएको छ ।

कञ्चनरुप नगरपालिकाको सहयोगमा मिशन मधेश मिडिया प्रालिले आयोजना गरेको तालिमको एक कार्यक्रमकाबीच प्रमुख अतिथि नगरप्रमुख ललन प्रसाद गुप्ताले व्यानर वाचन गरेर उद्घाटन गरे ।

कार्यक्रममा नगरप्रमुख गुप्ताले पत्रकारहरुकै कारण देशमा लोकतन्त्र आएको बताए । उनले देशमा भएको विभिन्न आन्दोलनमा अग्रणी भूमिका निर्वाह गर्ने पत्रकारहरु नै लोकतन्त्रको सच्चा पहरेदार भएकाले आफ्नो पालिकाको सबै वडामा पत्रकार उत्पादन गर्ने उद्देश्यले यस्तो तालिम राखिएको स्पष्ट पारे ।

उनले तालिमका सहभागीहरुलाई तालिम लिएपछि नगरपालिकाको विकास र सत्यको पक्षमा कलम चलाउन आग्रह गरे । “राम्रो कामलाई राम्रो र नराम्रो कामलाई नराम्रो भन्न सत्य तथ्यको आधारमा पत्रकारले समाचार लेख्नुपर्छ” उनले भने ।

कसैप्रति इर्ष्याको भावना राखेर एकपक्षिय र मिथ्या समाचार लेख्ने काम नगर्न सुझाव दिदै उनले निष्पक्ष पत्रकारितामा लाग्न प्रशिक्षार्थीहरुलाई सुझाव दिए । “तालिमबाट पत्रकार र पत्रकारिताबारे ज्ञानसीप सिक्नुस् र आचारसंहिता भित्र रहेर पत्रकारिता गर्नुस्, यसले यो नगरपालिकाको मात्र नभई समग्र जिल्ला र देशको विकासमा योगदान गर्नुस् भन्ने शुभकामना छ” नगरप्रमुख गुप्ताले भने ।

कार्यक्रममा नेपाल पत्रकार महासंघ सप्तरीका अध्यक्ष श्रवण कुमार देवले सहभागीहरुलाई तालिम लिएर पत्रकारितामा आउन आग्रह गरे । उनले पत्रकारिता गर्न इच्छुकहरुलाई आफुले सबै प्रकारको सहयोग गर्ने प्रतिवद्धता समेत जनाए ।

मिशन मधेश मिडिया प्रालिका प्रबन्धक रामानन्द देवको अध्यक्षतामा आयोजित उद्घाट्न सत्रमा तालिमका प्रशिक्षक विनय कुमार लाल कर्णले सहभागीहरुलाई तालिममा सीप सिकेर त्यसको उपयोग गर्न आग्रह गरेका थिए ।

## मधेस प्रदेशमा आँपको उत्पादन घट्यो



जनकपुरधाम, १० असार (रासस) ।

मधेस प्रदेशमा आँपखेती गर्ने जमिनको क्षेत्रफल बढे पनि उत्पादन घटेको छ ।

यस वर्ष हावाहुरी र रोग-कीराको प्रकोपका कारण यस वर्ष उत्पादन घटेको कृषि विज्ञ दिनेश यादवले बताउनुभयो । किसानले उन्नत जातका बिरुवा प्रयोग गर्न थालेको, बगैंचा व्यवस्थापन तथा सिँचाइ प्रणालीमा सुधार आएको भएपनि उत्पादनमा हावाहुरीले क्षति पुऱ्याएपछि किसान भने चिन्तित छन् ।

कृषि विकास निर्देशनालय, नक्टाझिज धनुषाका अनुसार आर्थिक वर्ष २०८२/८३ मा प्रदेशभर ३२ हजार ५७४ हेक्टर क्षेत्रफलमा आँप खेती गरिएको छ । उक्त क्षेत्रफलबाट प्रतिहेक्टर औसत नौ दशमलव चार मेट्रिक टन उत्पादकत्वका दरले दुई लाख ९४ हजार ५६७ मेट्रिक टन आँप उत्पादन भएको बागवानी अधिकृत किरण विश्वकर्माले जानकारी दिनुभयो ।

अघिल्लो आव २०८१/८२ मा २९ हजार ८८० हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर ११ दशमलव ४३ मेट्रिक टन उत्पादकत्वका दरले तीन लाख ४१ हजार ४४५ मेट्रिक टन आँप उत्पादन भएको थियो ।

तुलनात्मक रुपमा चालु वर्ष आँपखेतीको क्षेत्रफल दुई हजार ६९४ हेक्टरले बढे पनि उत्पादन ४६ हजार ८७८ मेट्रिक टनले घटेको देखिएको छ ।

निर्देशनालयका अनुसार यस वर्ष सबैभन्दा बढी उत्पादकत्व बारामा प्रतिहेक्टर १३ दशमलव ८० मेट्रिक टन र सबैभन्दा कम

***बाँकी तीन पृष्ठमा***

## बिटौरी जग्गाको लालपुर्जा माग्दै थालिएको आन्दोलन ३९ दिन देखी जारी




**दैनिक समाचारदाता**
**राजविराज, १० असार ।**

लालपूर्जा माँग गर्दै राजविराज नगरपालिकाका वासिन्दाले सुरु गरेको आन्दोलनको बुधवारसम्म पनि जारि नै छ । यो संगै चरणबद्ध रुपमा थालिएको आन्दोलनको ३९औं दिन पुगेको हो । तर अझै पनि माग पुरा हुन सकेको छैन् । यसैक्रममा नगरवासीको तर्फबाट गठित जनआन्दोलन परिचालन समितिले बुधवार पनि लालपूर्जा माग गर्दै प्रर्दशन गरेका छन् ।

स्थानिय राधाकृष्ण मन्दिरको प्राङ्गणबाट सयौंको संख्यामा निस्केको जुलुस “लालपूर्जा अविलम्ब प्रदान गर,” अब कुनै बहाना स्किार्य हुदैन” जस्ता नाराबाजी गर्दै बजार क्षेत्र परिक्रमा गरेका हुन् ।

सिटी जुलुस, मशाल जुलुस, लाठी जुलुस, मैनवत्ती जुलुस, अर्धनग्न जुलुस, ऐना जुलुसु, थालि पिट्ने जुलुस, दिउसै टर्च बालेर जुलुस, रिले अनशन र बजार बन्द लगायतका कार्यक्रम गरिसेको र माग पुरा नभए सम्म आन्दोलन कार्यक्रम निरन्तर जारी राख्ने जनआन्दोलन परिचालन समितिका संयोजक खेलानन्द दासले बताए ।

राजविराज बजार स्थापनाकाल देखी नै आफ्नै लगानीमा संरचना बनाई वसोवास गर्दै आएका ५ हजार २ सय परिवार लालपूर्जा विहिन अवस्थामा रहँदै आएको छ ।

बजार स्थापना भएको १९९८ सालमा भुमिकर र २०१६ सालमा नगरपालिकाको घोषणा भएपछी विटौरी कर तिरेर जग्गा उपभोग गर्दै आएका उनीहरु कसैले हालसम्म लालपूर्जा पाउन सकेका छैनन् ।

## जङ्गली जनावरबाट पीडितलाई राहत

इनरुवा (सुनसरी), १० असार (रासस) ।

जङ्गली जनावरबाट पीडित यहाँस्थित नागरिकलाई रु २३ लाख १४ हजार ६०५ राहत रकम वितरण गरिएको छ ।

कोसी टप्पु वन्यजन्तु आरक्ष वरपर बस्ने स्थानीयलाई विभिन्न जङ्गली जनावारले विभिन्न प्रकारका क्षति पुऱ्याएकाले सो रकम प्रदान गरिएको हो । जङ्गली जनावरले असोज महिनामा सबैभन्दा बढी क्षति पुऱ्याएको आरक्षका अधिकृत अङ्कीत पौडेलले जानकारी दिनुभयो ।

असोज महिनामा रु १२ लाख ३८ हजार ६०५ राहत वितरण गरिएको छ । जङ्गली जनावरको आक्रमणमा समान्य घाइते भएकालाई रु आठ हजार ६०५, भण्डारण गरिएको अन्नको क्षतिबापत रु १२ हजार घरगोठको क्षतिबापत रु २६ हजार अन्नबालीको क्षतिबापत रु ११ लाख ९२ हजार मानिसको मृत्युबापत वैशाखमा रु १० लाख राहत रकम वितरण गरेको हो ।

गत वैशाख महिनामा जङ्गली जनावरको आक्रमणबाट एक जनाको मृत्यु भएको र मृत्यु बापत पीडित परिवारलाई रु १० लाख राहत रकम वितरण गरिएको थियो ।

कात्तिकमा अन्न बालीको क्षतिबापत रु २४ हजार ५०० फागुनमा घरगोठ क्षतिबापत रु १४ हजार र अन्नबालीको क्षतिबापत रु ३७ हजार ५०० गरी कूल रु ५१ हजार ५०० राहत वितरण गरिएको थियो ।

**रेबिजबारे सचेत बनौं**

कुकुर तथा जंगली जनावरको टोकाईबाट रेबिज मानिसमा सर्न सक्छ।

यसबाट बच्न:

- घरपालुवा जनावरलाई नियमितरुपमा रेबिजविरुद्धको खोप लगाऔं,
- जनावरले टोकेमा तुरुन्तै साबुन पानीले कम्तीमा १५ मिनेटसम्म राम्रोसँग धोऔं र तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गरौं,
- स्वास्थ्यकर्मीको सल्लाहबमोजिम रेबिजविरुद्धको खोप लगाऔं,
- कुकुर तथा घरपालुवा जनावरलाई खुल्ला रुपमा नछाडौं,
- जंगली वा अपरिचित जनावरबाट टाढा बसौं,

रेबिज लाग्न नदिन समयमा विचार पुऱ्याऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# वीरगञ्जको नीति तथा कार्यक्रमः सुशासनयुक्त महानगरमा जोड

वीरगञ्ज (पर्सा), १० असार (रासस) ।

वीरगञ्ज महानगरपालिकाले आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रममा पूर्वाधार विकास, वन तथा वातावरण, विपद् व्यवस्थापन, आर्थिक विकास, सामाजिक विकास र सुशासनमा जोड दिएको छ ।

महानगरपालिकाका कार्यवाहक प्रमुख इम्तियाज आलमले आज महानगरको २०औँ नगरसभामा आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रमम प्रस्तुत गर्दै डिजिटल, सुशासनयुक्त महानगर, नागरिक-केन्द्रित सेवा प्रणाली भएको सहर, हरित तथा दिगो सहरी संरचनायुक्त स्थान, उद्यमशीलता र लगानीको केन्द्र, तथा अवसर सिर्जना गर्ने आर्थिक केन्द्रका रूपमा रूपान्तरण गर्ने लक्ष्य लिएको बताउनुभयो ।

त्यसैगरी, आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रमले दिगो विकास लक्ष्यको स्थानीयकरण, आधुनिक तथा गुणस्तरीय शहरी पूर्वाधार निर्माण, सुरक्षित र व्यवस्थित बस्ती विकास, शिक्षा तथा स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि, कृषि तथा उद्यम विकास, लगानी तथा पर्यटन प्रवर्द्धन, सुशासन, वातावरण संरक्षण, विपद् व्यवस्थापन, सामाजिक सुरक्षा तथा समावेशी विकासलाई प्रमुख प्राथमिकताका रूपमा अघि सारेको प्रमुख आलमले उल्लेख गर्नुभयो ।

साथै, महानगरपालिकाको आन्तरिक आय अभिवृद्धि, प्रक्रियागत पुनर्संरचनामार्फत सेवा प्रवाह सुधार, प्रविधिमैत्री प्रशासन, नागरिक सहभागितामा आधारित विकास व्यवस्थापन तथा सार्वजनिक स्रोतसाधनको पारदर्शी र परिणाममुखी परिचालनलाई पनि विशेष जोड दिएको छ । प्रमुख आलमले भन्नुभयो, "कृषि क्षेत्रको आधुनिकीकरण, विविधीकरण तथा व्यवसायीकरणका लागि आधुनिक प्रविधिमा आधारित उत्पादनशील कृषि प्रणाली अवलम्बन गरिनेछ, मुख्य खाद्यान्नबाली गहुँको उत्पादकत्व बढाउन कृषकलाई ५० प्रतिशत अनुदानमा उन्नत गहुँको बीउ वितरण गर्ने व्यवस्थालाई महत्त्वका साथ निरन्तरता दिइनेछ ।"

महानगरले जलवायु परिवर्तन तथा रसायनिक मलको उच्चतम प्रयोगका कारण कृषि क्षेत्रमा सिर्जित जोखिम र बालीनालीमा लाग्ने आकस्मिक रोगव्याधि तथा कीरा नियन्त्रणका लागि 'आकस्मिक बाली संरक्षण कार्यक्रम' समेत सञ्चालन गर्ने भएको छ । कृषकलाई नवीन प्रविधिसँग जोड्न बर्षे र हिउँदे मिनीकिट तथा सहरी क्षेत्रमा च्याउ खेती प्रवर्द्धनका लागि च्याउको बीउ वितरण कार्यक्रमलाई प्राथमिकता भने महानगरले भनेको छ ।

नीति तथा कार्यक्रममा भनिएको छ, "दिगो विकासको लक्ष्य अनुरूप गुणस्तरीय शिक्षा सुनिश्चित गर्न महानगर क्षेत्रभित्र रहेका सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयको मूल धारबाट कुनै पनि बालबालिकालाई वञ्चित हुन नदिन खास विद्यार्थी भर्ना दरलाई शतप्रतिशत बनाउन निरन्तर समन्वय, सहकार्य, अनुगमन तथा मूल्याङ्कन कार्यमा तीव्रता ल्याइनेछ ।"


**डा. भगवती यादव**

**Dr. Bhagwati Yadav**

MBBS, MD Paediatrics (USC)

NMC Reg. No. : 11389

**नवजात शिशु तथा बाल रोग विशेषज्ञ**

**डा. सरोज कुमार साह**

**Dr. Saroj Kumar Sah**

MBBS, MS Orthopaedics (BPKIHS) Dharan

Fellowship in Hand Surgery (CMC Vellore)

NMC Reg. No. : 13288

**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**

**Dr. Jayanti Yadav**

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज

NMC Reg No. : 15312

**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज

Mo. No : 9842830252, 9804605569


# प्रतिभा प्रस्फुटनले सङ्घीयताप्रति बलियो बनाउँदै विद्यार्थीको बुझाइ

- प्रकाश सिलवाल

किस्पाङ (नुवाकोट), १० असार/रासस ।

प्रत्येक व्यक्तिमा अन्तर्निहित प्रतिभा प्रस्फुटन गरी व्यक्तित्व विकास गराउनु पनि विद्यालय शिक्षाको कार्यभारभित्र पर्छ । नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालयमातहतको पाठ्यक्रम विकास केन्द्र, भक्तपुरले जारी गरेको 'विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ (दोस्रो संस्करण, २०७९)' ले निर्धारण गरेका १२ उद्देश्यको दोस्रो बुँदामा 'राष्ट्र र राष्ट्रियताको निर्माणमा सहयोगी लोकतान्त्रिक मूल्य, मान्यताप्रति प्रतिबद्ध, स्वाभिमानी, नैतिकवान् तथा सांस्कृतिक सभ्यताबोध भएका, चरित्रवान्, नेतृत्वदायी एवं जिम्मेवार नागरिक तयार गर्ने' समावेश गरिएको छ ।

साथै 'रचनात्मक तथा समालोचनात्मक चिन्तन गर्ने, जीवनोपयोगी सीप भएका साक्षर र नैतिक सचेतना निपूण र नेपाली मौलिक कला, संस्कृति, सौन्दर्य, आदर्श तथा विशिष्टताहरूको संरक्षण, सम्वर्द्धन र विकासतर्फ अभिमुखीकृत भएको नेपालको इतिहास, संस्कृति, सभ्यता एवं मानव र जीवनोपयोगी मौलिक ज्ञान भएका नागरिक तयार गर्ने' पनि प्रारुपको उद्देश्य रहेको छ ।

हाल पुनरावलोकनका लागि सुझाव माग गरिएको उक्त प्रारूपमा विद्यमान सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक समावेशी समतामूलक प्रणालीबारे परिवर्तन हुने स्थिति नभएको अवस्थामा यस प्रणालीबारे विद्यार्थीलाई औपचारिक शिक्षाका साथै अतिरिक्त क्रियाकलापबाट पोख्त बनाउनु सबै तहका सरकार र विद्यालयको दायित्व हो ।

यही दायित्वलाई मनन् गर्दै नुवाकोटको किस्पाङ गाउँपालिकाले स्वीकृत वार्षिक कार्यक्रमअन्तर्गत आयोजना गरेको 'किस्पाङ प्रतिभाको खोजी(२०८३' र खासगरी वक्तृत्वकला प्रतियोगितामा सहभागी विद्यार्थीले सङ्घीय शासन प्रणाली र स्थानीय सरकारको महत्वबारे आफ्ना गहन बुझाइ प्रस्तुत गरेका छन् । नेपाली जनताको लामो सङ्घर्ष र बलिदानबाट प्राप्त सङ्घीय लोकतान्त्रिक गणतन्त्र, बहुदलीय प्रतिस्पर्धा र विकासका चाहनालाई पूरा गर्न स्थानीय सरकारसँग भएका अवसर र चुनौतीबारे विद्यालय तहमा यो एउटा बहसको क्षण पनि बन्यो ।

'सङ्घीयतामा स्थानीय सरकार' विषय रहेको प्रतियोगितामा सहभागी विद्यार्थीले नेपालको सङ्घीय शासन व्यवस्थाभित्र संविधानले व्यवस्था गरेअनुसार नागरिकलाई नजिकबाट सेवा प्रवाह गर्न र स्थानीय आवश्यकताअनुसार विकास योजना निर्माण गर्न तथा जनसहभागिता बढाउन स्थानीय सरकारले महत्त्वपूर्ण भूमिका खेलेको विषयमा धारा प्रवाह धारणा दिएका छन् ।

प्रतियोगिताका क्रममा विद्यार्थीले स्थानीय सरकारलाई लोकतन्त्रको आधारस्तम्भका रूपमा चित्रण गर्दै शिक्षा, स्वास्थ्य, कृषि, पूर्वाधार तथा सामाजिक विकासका क्षेत्रमा स्थानीय सरकारले गर्दै आएको कामबारे आफ्ना सशक्त विचार प्रस्तुत गरेर जनप्रतिनिधि, कर्मचारी र शिक्षकलाई समेत प्रफुल्लित तुल्याएका छन् । प्राप्त स्रोत सामग्री र शिक्षकले गराइदिएको तयारीका आधारमा विद्यार्थीहरूको प्रस्तुति कुनै सक्षम विषय शिक्षकको भन्दा कम थिएन । प्रस्तुति कलाका हिसाबले त त्योभन्दा बढी थियो, जसले ती प्रतिस्पर्धी विद्यार्थीहरू भोलिका दिनमा बहुमुखी प्रतिभावान् हुनसक्ने र नेतृत्व क्षमतामा गणनायोग्य हुनसक्ने आकलन गर्न सकिन्छ ।

सङ्घीयताले सिंहदरबारको अधिकार गाउँगाउँसम्म पुर्‍याएको सन्दर्भदेखि निर्णय प्रक्रियामा नागरिकको पहुँच बढाएको तथा स्थानीय समस्याको स्थानीयस्तरमै समाधान खोज्न सहज बनाएको बारे उदारणसहित ती प्रतिस्पर्धी विद्यार्थीहरूले आफ्ना बलियो बुझाइ अभिव्यक्त गरेका थिए । उनीहरूले सङ्घीयता र स्थानीय सरकारको एकोहोरो प्रशंसामात्र गरेनन्, स्थानीय सरकारको प्रभावकारी सञ्चालन, पारदर्शिता, जवाफदेहिता र थप नागरिक सहभागिताको आवश्यकता परिपूर्तिका लागि अझ मिहिनेत गर्न पनि सुझाएका छन् । सङ्घीयता सफल बनाउन नागरिक सचेतना, सुशासन र विकासप्रति सबै पक्षको साझा प्रतिबद्धता आवश्यक रहेको तार्किक धारणा पनि प्रतियोगितामा आएको थियो ।

किस्पाङ गाउँपालिकाभित्र रहेका विद्यार्थीहरूमा निहीत सिर्जनशीलता, प्रतिभा, नेतृत्व क्षमता र अभिव्यक्ति कलाको पहिचान तथा विकास गर्ने उद्देश्यले पहिलोपटक नुवाकोटको 'किस्पाङ प्रतिभाको खोजी कार्यक्रम, २०८३' सञ्चालन गरिएको हो । विद्यालय तहका विद्यार्थीमा अतिरिक्त क्रियाकलापमा सक्रिय बनाउने र उनीहरूमा रहेको अन्तरनीहित प्रतिभालाई उजागर गर्न मञ्चीय अवसर प्रदान गरी प्रतियोगी भावना विकास गराई प्रोत्साहन गर्न यो कार्यक्रम आयोजना गरिएको गाउँपालिकाले जनाएको छ ।

बालबालिकाहरूको बौद्धिक, सिर्जनात्मक र कलात्मक क्षमतालाई उजागर गर्दा नियमित अध्ययनमा समेत सकारात्मक योगदान मिल्ने अपेक्षासहित गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रमअन्तर्गत यो कार्यक्रम आयोजना गरिएको हो । गाउँपालिका(३ काहुलेस्थित ऐँसेलु भूमे माध्यमिक विद्यालयको सभाकक्षमा आयोजना गरिएको प्रतियोगितामा गाउँपालिकाका अधिकांश सामुदायिक र संस्थागतका साथै एकमात्र बहुप्राविधिक विद्यालयका छानिएका विद्यार्थी प्रतिभाहरूको सक्रिय सहभागिता रहेको थियो । 'किस्पाङ प्रतिभाको खोजी कार्यक्रम'को पहिलो दिन यही असार ३ गते लोकनृत्य प्रतियोगिता तथा दोस्रो दिन वक्तत्वकला र चित्रकला प्रगियोगिता आयोजना गरिएको थियो ।

'सङ्घीयतामा स्थानीय सरकार' शीर्षकको वक्तृत्वकला प्रतियोगितामा किस्पाङ बहुप्राविधिक शिक्षालयका राधिका रैला प्रथम, ऐसेलु भूमे माध्यमिक विद्यालयका लक्ष्मी विक द्वितीय र ज्ञानज्योति माध्यमिक विद्यालयका पूजा तामाङ प्रथम हुनुभयो । त्रिभुवन विश्वविद्यालयको नेपाली इतिहास, संस्कृति तथा पुरातत्व विभाग केन्द्रीय विभागका पूर्वप्रमुख प्रा डा सोमप्रसाद खतिवडा नेतृत्वको निर्णायक समिति रहेको वक्तृत्वकला प्रतियोगिताका विजयी विद्यार्थी छनोट गरेको थियो । प्रथम, द्वितीय र तृतीयलाई क्रमशः रु १० हजार, रु आठ हजार र रु छ हजार पुरस्कार प्रदान गरियो । राष्ट्रिय कलाकारहरू वैकुण्ठ महत, याम गुरुङ, दिपेश माझी र चन्द्रा सारु मगरलगायतका अप्रतियोगी नृत्य, गीत र सङ्गीत प्रस्तुतिबाट शिक्षक(विद्यार्थीमा थप मनोरञ्जन र बौद्धिक खुराक प्रदान गरिएको थियो ।

वक्तत्वकला प्रतियोगितामा प्रथम स्थान हासिल गर्नुभएका किस्पाङ बहुप्राविधिक शिक्षालयका राधिका रैलाले आफू अतिरिक्त क्रियाकलापमा पहिलादेखि लागे पनि यसस्तरको प्रतियोगितामा यसरी पुरस्कृत हुन पाउँदा खुसी मिलेको बताउनुभयो । उहाँले नियमित अध्ययनका साथै वकृत्वकला छोटो समयको आफ्नो अभ्यास र शिक्षकहरूको उत्प्रेरणाका कारण आत्मविश्वासका सबैका सामुन्ने विषयवस्तुमा प्रस्तुति दिन सकिएको प्रतिक्रिया दिनुभयो ।

वक्तत्वकला प्रतियोगिताको निर्णायक समितिका संयोजक प्रा डा खतिवडाले प्रतियोगितामा सहभागी विद्यार्थीको सङ्ख्या तथा विधाहरू थप विस्तार गरी बढीभन्दा बढी प्रतिभालाई अवसर प्रदान गर्दै आगामी दिनमा वातावरण, संस्कृति, इतिहास, सम्पदा, पर्यटन, ग्रामीण विकास आदिबारे हाजिरीजवाफ, निबन्ध, कथा, कविता लेखन कार्यशाला तथा प्रतियोगिताजस्ता कार्यक्रम गर्न सकिने आग्रह गर्नुभयो । कार्यक्रम आयोजना गर्दा खुला र ठूलो स्थानमा स्थानीयवासीसमेतको उपस्थितिमा भव्यतापूर्वक उत्सवका गरिए विद्यार्थी प्रतिभाहरू थप उत्साहित हुने उहाँको भनाइ छ ।

डा खतिवडाले यस्ता कार्यक्रमले पाठ्यक्रम र पाठ्यपुस्तकले तोकेको लक्ष्यहरूलाई पूर्ति गर्नसमेत प्रत्यक्ष मद्दत मिल्ने उल्लेख गर्दै प्रतियोगीहरूलाई विद्यालयस्तरमै पूर्वतयारी तथा प्रशिक्षणका कार्यक्रम सञ्चालन गर्न शिक्षकहरूले थप समय दिई घोकन्ते शैलीभन्दा स्वतःस्फूर्त प्रस्फुटनको वातारण बनाउनुपर्ने बताउनुभयो । उहाँले गाउँपालिकास्तरमा उत्कृष्ट प्रतिभाहरूलाई जिल्ला, प्रदेश तथा राष्ट्रियस्तरका प्रतियोगितामा सहभागी गराउन गाउँपालिका, सम्बन्धित विद्यालय र व्यवस्थापन पक्षले थप ध्यान दिनुपर्ने बताउनुभयो ।

किस्पाङ गाउँपालिकाका उपाध्यक्ष अर्जुनप्रसाद न्यौपाने प्रारम्भिक बालविकासदेखि माध्यमिक तहसम्म गुणस्तरीय शिक्षा दिने र हरेक विधामा प्रतिभाहरूको पहिचान, प्रोत्साहन र राष्ट्रियकरणका लागि यस प्रकारको कार्यक्रम आयोजना गरिएको बताउँदै विद्यार्थीको प्रतिभाको उजगार र प्रोत्साहन हुने यस प्रकारको कार्यक्रमलाई आगामी वर्षहरूमा पनि नियमित रूपमा सञ्चालन गरिनुपर्छ भन्ने सुझावलाई मनन् गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो । प्रतियोगितामार्फत विद्यार्थीहरूमा स्वस्थ प्रतिस्पर्धाको भावना विकास हुनुका साथै कला, साहित्य र बौद्धिक गतिविधिप्रति रुचि बढाउन सहयोग पुगेको उहाँको भनाइ छ ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत केदारप्रसाद खतिवडाले सामाजिक चेतनाको विस्तारका साथै विद्यार्थीमा लुकेर रहेका प्रतिभाको उजगार गर्न यस्ता कार्यक्रमले महत्तवपूर्ण टेवा दिएको बताउँदै विद्यालय शिक्षाका लगानीको प्रतिफल खोज्नु चुनौतीपूर्ण भएका बेला विद्यालयमा लुकेर रहेका प्रतिभाहको खोजीको थालनी एक महत्त्वपूर्ण आयाम बन्ने जनाउनुभयो । "शिक्षा केबल पाठ्यपुस्तक पढ्ने विषयमात्र होइन । समाजभित्रका हरेक विषय पढ्ने सवाल हो । यो सामाजिक जागरण पनि हो । सीमित स्रोतबाट सुरुआत गरिएको यस कार्यक्रमलाई अझ विस्तारित गर्नु हामी तत्पर छौँ", खतिवडाले विद्यार्थीहरूलाई लक्ष्य गर्दै भन्नुभयो, "तपाईंहरू पचास वर्षपछिको समाज निर्माणको महत्वपूर्ण हिस्सा हो । आजका विद्यार्थी कति निष्ठावान्, कति इमानदार र समाज विकासका लागि प्रतिबद्ध छन् भन्ने कुरा तपाईंहरूले आफूभित्र रहेको कलाको सशक्त प्रस्तुतिबाट देखाउनुभएको छ । यो विशिष्ट प्रतिभा प्रदर्शनको कुरा हो । गाउँपालिका यसप्रति खुसी व्यक्त गर्दछ ।"

सोही गाउँपालिकाका शिक्षा शाखा प्रमुख सरोज अधिकारीले 'किस्पाङ प्रतिभाको

*बाँकी तीन पृष्ठमा*

# चोरी गरी अमेरिका पुर्‍याइएका नेपालका दुई अमूल्य मूर्ति फिर्ता

काठमाडौँ, १० असार (रासस)।

नेपालबाट चोरी गरी अमेरिका पुर्‍याइएका नेपालका दुई वटा अमूल्य मूर्ति फिर्ता नेपाललाई फिर्ता गरिएको छ।

न्युयोर्कस्थित नेपाली महावाणिज्यदूतावासमा आज आयोजित विशेष हस्तान्तरण समारोहमा न्युयोर्कको सरकारी वकिलको कार्यालयले पद्मपाणी र नृत्यदेवीका मूर्तिको स्वामित्व औपचारिक रूपमा नेपाल सरकारलाई हस्तान्तरण गरेको हो।

समारोहमा न्युयोर्कस्थित नेपाली महावाणिज्यदूत दधिराम भण्डारी तथा म्यानहटन सरकरी वकिलको कार्यालयअन्तर्गतको पुरातात्विक वस्तु तस्करी नियन्त्रण एकाइका प्रमुख कर्नेल म्याथ्यु बोग्डानोसले हस्तान्तरणसम्बन्धी सहमति पत्रमा हस्ताक्षर गर्नुभयो।

महावाणिज्य दूतावासले जारी गरेको विज्ञप्ति अनुसार तेह्रौँ शताब्दीको कास्य पद्मपाणीको मूर्ति काठमाडौँस्थित थमबहिल (विक्रमशील महाविहार, भगवानबहाल) को अनुपम कलाकृति मानिन्छ। उक्त मूर्तिको अन्तिम तस्बिर सन् १९७१ मा लिइएको अभिलेखमा उल्लेख छ भने सन् १९७१ र १९७७ बीच कुनै समयमा अवैध रूपमा अमेरिका पुऱ्याइएको ठानिएको छ।

त्यसैगरी, सोह्रौँ शताब्दीको काठबाट निर्मित नृत्यदेवीको मूर्ति ललितपुरको इबहा बहीको उत्कृष्ट काष्ठकलाको नमुना मानिन्छ। उक्त मूर्ति सन् १९६९ र १९८३ बीच कुनै समयमा चोरी गरी अमेरिका लगिएको अनुमान गरिएको छ। पछि यो मूर्ति न्युयोर्कस्थित महानगर सङ्ग्रहालयबाट बरामद गरिएको थियो।

यी दुवै सम्पदा न्युयोर्क सरकारी वकिलको कार्यालयले अमेरिकी गृह सुरक्षा अनुसन्धान निकाय तथा अन्य साझेदार संस्थासँगको सहकार्यमा खोजी गरेर नेपाललाई हस्तान्तरण गरिएको हो।

त्यस अवसरमा महावाणिज्यदूत भण्डारीले नेपाल सरकार तथा नेपाली जनताका तर्फबाट अमेरिकी सरकार, न्युयोर्क सरकारी वकिलको कार्यालय, गृह सुरक्षा अनुसन्धान निकाय, अनुसन्धानकर्ता, सङ्ग्रहालय, सम्पदा संरक्षण अभियन्ता तथा समुदायका सदस्यप्रति आभार व्यक्त गर्नुभयो। उहाँले सबैको संयुक्त प्रयासबाट यी अमूल्य सांस्कृतिक सम्पदाको खोजी, नेपाललाई पुनः स्वामित्व प्राप्ति र स्वदेश फिर्ती सम्भव भएको बताउनुभयो।

नेपाल र अमेरिकाबीच सांस्कृतिक सम्पदाको अवैध ओसारपसार नियन्त्रणका लागि विकसित हुँदै गएको सहकार्य अन्तरराष्ट्रिय साझेदारीको उत्कृष्ट उदाहरण भएको तथा साझा सांस्कृतिक सम्पदा संरक्षणप्रतिको प्रतिबद्धताको प्रतीक भएको उहाँको भनाइ थियो।

उहाँले अमेरिकास्थित नेपाली समुदाय तथा सामुदायिक संस्थाहरू, विशेषगरी नेवा गुठी न्युयोर्कलाई नेपालका सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्द्धनमा पुऱ्याएको योगदानका लागि धन्यवाद दिनुभयो।

हस्तान्तरणपछि ती दुवै सम्पदालाई यही जुन २५ मा नेपाल पठाइने जनाइएको छ। ढुवानी तथा व्यवस्थापनको कार्य नेपाली महावाणिज्यदूतावास र नेवा गुठी न्युयोर्कको समन्वयमा गरिनेछ भने गुठीका प्रतिनिधिहरूले सम्पदासँगै नेपालसम्म यात्रा गर्नेछन्।

काठमाडौँ आइपुगेपछि ती सम्पदा पुरातत्त्व विभागलगायत सम्बन्धित सरकारी निकायलाई हस्तान्तरण गरिनेछ।

समारोहमा न्युयोर्क सरकारी वकिलको कार्यालय, गृह सुरक्षा अनुसन्धान निकाय, नेवा गुठी, मेट्रोपोलिटन म्युजियम, प्राध्यापक, नेपाली समुदायका सदस्य, सम्पदा संरक्षणकर्मी तथा सञ्चारकर्मीहरूको उपस्थिति रहेको थियो।

### *प्रतिभा...*

खोजी कार्यक्रम' अन्तर्गत आयोजित लोकनृत्य, वक्तृत्वकला तथा चित्रकला प्रतियोगिता सफलतापूर्वक सम्पन्न हुनु किस्पाङ गाउँपालिकाको एक गौरवपूर्ण अवसर भएको जनाउँदै कार्यक्रमले विद्यार्थीहरूमा रहेको अन्तर्निहित प्रतिभा, सिर्जनशीलता, अभिव्यक्ति क्षमता तथा आत्मविश्वास उजागर गर्न महत्वपूर्ण भूमिका निर्वाहमा योगदान दिएको बताउनुभयो।

वर्तमान सूचना र प्रविधि तथा प्रतिस्पर्धी समाजको समयमा विद्यार्थीहरूको सिकाइ केवल पाठ्यपुस्तकमा सीमित नराखी उनीहरूमा रहेका अनेक प्रतिभालाई प्रोत्साहन गर्नु आवश्यक रहेको सन्दर्भमा यस कार्यक्रमले विद्यार्थीहरूलाई आफ्ना विचार, भावना तथा सिर्जनशील क्षमताहरू प्रदर्शन गर्ने उपयुक्त अवसर प्रदान गरेको सहभागी शिक्षकहरूले जनाएका थिए। कार्यक्रमले किस्पाङ गाउँपालिकाभित्र रहेका प्रतिभाशाली विद्यार्थीहरूको पहिचान, संरक्षण र प्रवर्द्धन गरेको छ। भविष्यमा यस्ता कार्यक्रमहरूलाई अझ व्यवस्थित, व्यापक र प्रभावकारी रूपमा सञ्चालन गर्न सकेमा स्थानीयस्तरमा रहेका प्रतिभाहरूको विकास तथा सर्वाङ्गीण शैक्षिक उन्नयनमा थप टेवा पुगेको उनीहरूको भनाइ थियो।

# कूटनीतिमा महिला दिवसः विश्वव्यापी शान्ति र समावेशी शासनका लागि समान सहभागितामा जोड

काठमाडौँ, १० असार (रासस)। बुधबार अन्तरराष्ट्रिय कूटनीतिमा महिला दिवस विश्वका विभिन्न देशमा विविध विविध कार्यक्रमका साथ मनाइँदैछ। संयुक्त राष्ट्रसङ्घको महासभाले सन् २०२२ देखि प्रत्येक वर्ष जुन २४ लाई यो दिवसका रूपमा मनाउन प्रारम्भ गरेको हो।

उक्त विश्व संस्थाका अनुसार कूटनीतिमा महिलाहरू केवल अन्तरराष्ट्रिय मामिलाका सहभागी मात्र नभई शान्तिका निर्माता, समानताको पक्षधर तथा विश्वव्यापी सहकार्यको भविष्य निर्माण गर्ने नेतृत्वकर्ता हुन्। उनीहरूको आवाज, दृष्टिकोण र नेतृत्व आजको जटिल विश्व चुनौती समाधान गर्न तथा अझ समावेशी, न्यायपूर्ण र दिगो समाज निर्माणका लागि महिलालाई कूटनीतिमा स्थान दिन अपरिहार्य भएको छ।

अन्तरसम्बन्धित विश्वको मागअनुसार कूटनीति रूपान्तरण हुँदै गएको सन्दर्भमा निर्णय प्रक्रियाका सबै तहमा महिलाको पूर्ण, समान र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नु समानताको विषय मात्र नभई प्रभावकारी विश्व शासनका लागि आधारभूत आवश्यकता भएकोमा जोड दिइएको छ। बेइजिङ कार्ययोजना र दिगो विकास लक्ष्यहरूको प्रतिबद्धता कार्यान्वयनका लागि पनि यसलाई महत्वपूर्ण मानिएको छ।

महिलाहरू निर्णय लिने तहमा सहभागी हुँदा कूटनीति जनताको प्रतिनिधित्व अझ राम्रोसँग प्रतिबिम्बित हुने र दिगो शान्ति, दिगो विकास तथा मानव मर्यादालाई प्रवर्द्धन गर्न अझ सक्षम हुने राष्ट्रसङ्घले जनाएको छ।

विभिन्न कूटनीतिक नियोग, बहुपक्षीय संस्था तथा अन्तरराष्ट्रिय वार्तामा महिलाहरू संवाद, सहमति निर्माण, द्वन्द्व समाधान र अन्तरराष्ट्रिय सहकार्यमा निरन्तर महत्त्वपूर्ण योगदान दिँदै आएका छन्। उनीहरूको नेतृत्वले राष्ट्रिय प्राथमिकता र विश्वव्यापी चुनौतीबीच पुलको काम गर्दै मानव अधिकार, सुरक्षा र साझा समृद्धिलाई अघि बढाउन सहयोग पुऱ्याएको छ।

राष्ट्रसङ्घका अनुसार यस दिवसले शान्ति र प्रगतिका लागि विविध आवाज र अनुभवको समावेशीकरण आवश्यक रहेको सशक्त स्मरण गराउने बताइएको छ। साथै महिला कूटनीतिज्ञहरूको उपलब्धिको सम्मान गर्दै अवरोध हटाउने, अवसर विस्तार गर्ने र आगामी पुस्ताका महिलालाई अन्तरराष्ट्रिय मामिलामा नेतृत्व गर्न सक्षम बनाउने प्रयासलाई सुदृढ गर्न आह्वान गरिएको छ।

ऐतिहासिक रूपमा कूटनीतिक तथा अन्तरराष्ट्रिय निर्णय प्रक्रियाबाट महिलाहरू धेरै हदसम्म बाहिर राखिएको भए पनि समयक्रममा उनीहरूले अवरोध तोड्दै कूटनीतिक सेवा, अन्तरराष्ट्रिय सङ्गठन तथा शान्ति प्रक्रियामा आफ्नो उपस्थिति विस्तार गरेका छन्। यद्यपि, अझै पनि धेरै क्षेत्रमा महिलाको प्रतिनिधित्व न्यून रहेको र समान सहभागिता सुनिश्चित गर्न थप प्रयास आवश्यक रहेको उल्लेख गरिएको छ।

शान्ति निर्माण, मध्यस्थता र द्वन्द्व समाधानमा महिलाको अर्थपूर्ण सहभागिताले अझ समावेशी र दिगो परिणाम दिने बताइएको छ। लैङ्गिक समानता र महिला सशक्तीकरण दिगो विकास तथा समावेशी समाज निर्माणका लागि यो आधारभूत तत्व हो।

संयुक्त राष्ट्रसङ्घीय प्रणालीभित्र पनि स्थायी प्रतिनिधि तथा राजदूतका रूपमा महिलाको उपस्थिति कम रहेको र कूटनीतिक सेवाका उच्च तहमा उनीहरूको सहभागिता अझै कमजोर रहेको बताइएको छ। संरचनात्मक, संस्थागत र सांस्कृतिक अवरोधका कारण महिलाहरूको नेतृत्वमा पुग्ने बाटो अझै चुनौतीपूर्ण रहेको उल्लेख गर्दै सबै पक्षलाई समान अवसर सुनिश्चित गर्न आग्रह गरिएको छ।

यसैबीच, संयुक्त राष्ट्रसङ्घका उपमहासचिव अमिना मोहम्मदले कूटनीतिमा महिलाको पूर्ण, समान र अर्थपूर्ण सहभागिता बिना प्रभावकारी विश्व शासन सम्भव नहुने बताउँदै महिलालाई निर्णय प्रक्रियामा अनिवार्य रूपमा समावेश गर्नुपर्नेमा जोड दिनुभएको छ।

### *मधेस...*

सर्लाहीमा प्रतिहेक्टर ६ दशमलव २० मेट्रिक टन रहेको छ।

जिल्लागत रूपमा सप्तरीमा आठ हजार ३८७ हेक्टर क्षेत्रफलबाट ७५ हजार ५०० मेट्रिक टन, सिरहामा नौ हजार ५० हेक्टरबाट ७२ हजार ४०० मेट्रिक टन तथा रौतहटमा चार हजार ७७० हेक्टर क्षेत्रफलबाट ५४ हजार ३७८ मेट्रिक टन आँप उत्पादन भएको छ।

त्यसैगरी, सर्लाहीमा दुई हजार १०० हेक्टरबाट १३ हजार २० मेट्रिक टन, महोत्तरीमा तीन हजार हेक्टरबाट २९ हजार ७०० मेट्रिक टन, धनुषामा तीन हजार ३२५ हेक्टरबाट २३ हजार २७५ मेट्रिक टन, बारामा एक हजार ४९५ हेक्टरबाट २० हजार ६३१ मेट्रिक टन तथा पर्सामा ४४७ हेक्टर क्षेत्रफलबाट पाँच हजार ९६३ मेट्रिक टन आँप उत्पादन भएको तथ्याङ्क छ।

मधेस प्रदेशमा मालदह, दशहरी, बम्बई, कलकतिया र आम्रपालीलगायत जातका आँप उत्पादन हुन्छ। यहाँ उत्पादन भएका आँप प्रदेशभित्रका जिल्लाको साथै काठमाडौँ उपत्यका र देशका अन्य प्रमुख बजारमा निर्यात हुँदै आएको छ।

उहाँका अनुसार उत्पादन घटे पनि दीर्घकालीन रूपमा आँपखेतीको व्यवसायीकरण र उत्पादकत्व वृद्धि गर्ने कार्यक्रमलाई निरन्तरता दिइएको छ।

## विश्व समाचार

### तेहरान स्थित भारतीय दूतावासद्वारा सुरक्षा चिन्ताका कारण इरानको यात्रा नगर्न चेतावनी जारी

नयाँदिल्ली, १० असार (रासस/एएनआई)।

मध्यपूर्वमा व्याप्त तनाव नियन्त्रण गर्न जारी कूटनीतिक प्रयासको बीचमा, इरानस्थित भारतीय दूतावासले सुरक्षा चिन्ताको कारण देखाउँदै बुधबार भारतीय नागरीकलाई इरानको यात्रा नगर्न चेतावनी दिएको छ।

औपचारिक जारी गरिएको सुरक्षा सुझावमा, दूतावासले तेहरानमा विद्यमान सुरक्षा अवस्थालाई नजिकबाट निगरानी गरिरहेको बताएको छ। पछिल्लो समयमा सकारात्मक घटनाक्रम र समग्र स्थितिमा भएको सुधारउन्मुख अवस्थामा पनि दूतावासले इरान यात्रा गर्ने विचार गरिरहेका भारतीय नागरिकहरूका लागि संशोधित सुझाव जारी गरेको जनाइएको छ। हालैका सुधारहरूका बावजुद, पनि अर्को सूचना नआए सम्म भारतीय नागरिकहरूलाई इरानको यात्रा नगर्न सल्लाह दिएको दूतावासले सामाजिक सञ्जाल एक्स मार्फत जनाएको हो।

दूतावासले यस अघि नै इरानमा रहेका भारतीय नागरिकहरू, लगायत अत्यावश्यक कामकालागि इरानको यात्रा गर्नेहरूलाई उच्च स्तरको सतर्कता, सावधानी र परिस्थितिजन्य सुरक्षा कायम राखी यात्रा गर्न आग्रह गरेको थियो।

दूतावासले जारी गरेको विश्वसनीय सूचना स्रोतहरू पालना गर्नुका साथै स्थानीय अधिकारीहरूको निर्देशनहरूको पालना गर्नुपर्ने जनाइएको छ। उनीहरूलाई सूचनाको विश्वसनीय स्रोतमार्फत स्थानीय घटनाक्रमलाई नजिकबाट निगरानी गर्न र स्थानीय अधिकारीहरूले जारी गरेका सबै निर्देशनहरूको पालना गर्न सल्लाह दिएको विज्ञप्तिमा उल्लेख गरिएको छ।

दूतावासले इरानमा रहेका सबै भारतीय नागरिकहरूलाई सकेसम्म चाँडो आफ्नो विवरण दर्ता गर्न र दूतावासको आधिकारिक वेबसाइट मार्फत जारी गरिएका सुचनाहरुबाट सूचित रहन कडा निर्देशन दिएको छ।

दूतावासले आपतकालीन सहायताका लागि मोबाइल नम्बर, हेल्पलाइन नम्बरहरू र इमेल ठेगाना समेत प्रदान गरेको छ।

हाल इरानमा रहेका सबै भारतीय नागरिकहरू र तत्काल इरान आइपुगेकाहरूलाई जति सक्दो छिटो भारतीय दूतावास तेहरानमा आफ्नो विवरण दर्ता गर्न कडा निर्देशन दिइएको छ। उनीहरूलाई दूतावासको आधिकारिक वेबसाइट र सामाजिक सञ्जाल एक्स मार्फत नियमित रूपमा निगरानी गर्न सल्लाह दिएको छ।

अमेरिका र इरान बिचमा लामो युद्ध अन्त्य गर्ने उद्देश्यले भएको एमओयू सम्झौताको पहिलो चरणको रूपमा प्राविधिक वार्ताको प्रारम्भिक चरणको समापन भए पछि, दुबै पक्षले उच्चस्तरीय समिति र ६० दिन भित्र अन्तिम सम्झौताको लागि मार्गदर्शन तय गर्न सहमत भएका छन्।

निरन्तरको कूटनीतिक प्रयासहरूको बावजुद अन्तर्राष्ट्रिय प्रमाणिकरण पहुँच स्टेट अफ होर्मुजको दीर्घकालीन समुद्री प्रशासन, र इरानी वित्तीय भण्डारको विषयलाई लिएर एक-अर्काबीच आधारभूत असहमति भने अझै जारी रहेको जनाइएको छ।

### पाकिस्तान र इरानद्वारा क्षेत्रीय शान्ति र बलियो द्विपक्षीय सम्बन्धको प्रतिबद्धता

इस्लामावाद, १० असार (रासस/सिन्ह्वा)।

पाकिस्तान र इरानले क्षेत्रीय शान्ति, संवाद र कूटनीतिमा आ-आफ्नो दृढता व्यक्त गर्दै विभिन्न क्षेत्रमा द्विपक्षीय सहयोगलाई अझ सुदृढ पार्ने प्रतिवद्धता गरेको पाकिस्तानी प्रधानमन्त्री शाहबाज सरिफले बुधबार बताउनु भएको छ।

इरानी राष्ट्रपति मसूद पेजेस्कियनलाई विदाइ गरेको केही समय पछि प्रधानमन्त्री सरिफले विज्ञप्ति जारी गर्दै आफुहरुले क्षेत्रीय स्थिरता, द्विपक्षीय सम्बन्ध र आपसी हितका विषयहरुमा केन्द्रित रहि सौहार्दपूर्ण छलफल गरेको बताउनुभएको छ।

प्रधानमन्त्री सरिफका अनुसार अमेरिका र इरानबीच इस्लामाबाद समझदारी पत्रमा हस्ताक्षर पछि स्विजरल्याण्डको बर्गेनस्टकमा भएको पहिलो चरणको प्राविधिक वार्ताको समापन पछि यो पहिलो बैठक भएको हो।

दुबै पक्षले यस क्षेत्रमा शान्ति र स्थिरता प्रवर्द्धन गर्न आफ्नो साझा प्रतिबद्धतालाई दोहोर्‍याउँदै वार्ता र कूटनीति मार्फत बाकी विषयको समाधानको महत्वलाई जोड दिएको प्रधानमन्त्री सरिफले पुष्टि गर्नु भएको छ।

शान्ति, प्रगति र समृद्धिका लागि तेहरानसँग नजिकबाट काम गर्ने प्रतिबद्धता दोहोर्‍याउँदै उहाँले पाकिस्तानलाई मित्र राष्ट्र छिमेकी र मध्यस्थकर्ताका रूपमा विश्वास गरेकोमा इरानी नेतृत्वलाई धन्यवाद दिनु भएको छ।

दुबै पक्षले आपसी हितका सबै क्षेत्रमा पाकिस्तान र इरानबिचको दीर्घकालीन सम्बन्धलाई अझ सुदृढ पार्न सहयोग विस्तार गर्न सहमत भएका जनाइएको छ।

# एकल महिलालाई सशक्तिकरण तालिम प्रभावकारी सेवा प्रवाहका लागि नयाँ ढाँचा



**दैनिक समाचारदाता**
**राजविराज, १० असार ।**

महिला सशक्तिकरण गर्ने उद्देश्यले सप्तरीको कञ्चनरुप नगरपालिकामा 'एकल महिला सशक्तिकरण तालिम' बुधबारदेखि सुरु भएको छ ।

पाँच दिनसम्म चल्ने उक्त तालिमको एक कार्यक्रमकाबीच प्रमुख अतिथि कञ्चनरुप नगरपालिकाका नगरप्रमुख ललन प्रसाद गुप्ताले उद्घाटन गरे ।

दुई सय एकल महिला सहभागी रहेको तालिममा प्रमुख अतिथि गुप्ताले समाजमा एकल महिला प्रति नकारात्मक अवधारणाहरु रहेको बेला यस्तो तालिमले त्यसमा सकारात्मक परिवर्तन ल्याउने विश्वास व्यक्त गरेका छन् । "एकल महिलाहरु बडो कठिनाई र चुनौतीहरुको सामना गरि रहेका हुन्छिन, यस अवस्थामा यस्तो कार्यक्रमले एकल महिलाहरुको उत्साह बढाउन मद्दत गर्नेछ" उनले भने ।

एकल महिला आत्मनिर्भरता तथा पुनर्स्थापना केन्द्रकी अध्यक्ष जुही ठाकुरको अध्यक्षतामा भएको कार्यक्रममा अध्यक्ष ठाकुरले एकल महिलाहरुलाई समाजको मूख्य धारामा ल्याउन केन्द्रले प्रयास गरि रहेको बताईन् । उनले केन्द्रले यस्ता कार्यक्रम अरु पालिकाहरुमा पनि गर्दै आएको जानकारी दिदै कञ्चनरुपमा यस्तो कार्यक्रम पहिलो पटक आयोजना गरिएको उल्लेख गरिन् ।

मैथिली साहित्य परिषद सप्तरीका पूर्व अध्यक्ष तथा यस तालिमको प्रशिक्षक समेत रहेका अधिवक्ता सतीश कुमार दत्तले कार्यक्रममा शुभकामना मनतव्य राख्दै महिलाहरु एकल हुने परिस्थितिको विभिन्न कारण रहे खुशीले कोही पनि एकल हुन नचाहेको बताए । उनले एकल महिलाको जीवन संघर्षका बेला समाजका सबै व्यक्तिले सहयोग गर्नुपर्नेमा जोड दिए ।

कञ्चनरुप नगरपालिकाको सहयोगमा एकल महिला आत्म निर्भरता तथा पुनर्स्थापना केन्द्रले आयोजना गरेको तालिम पाँच दिन सम्म चल्ने आयोजक संस्थाले जनाएको छ ।

काठमाडौँ, १० असार (रासस) ।

सरकारले मन्त्रीहरूको कार्यसम्पादनलाई प्रभावकारी, परिणाममुखी र विषयगत रूपमा सुदृढ बनाउन स्वकीय सचिवालय तथा सल्लाहकार समूहको संरचना व्यवस्थित गरेको छ ।

मन्त्रिपरिषद्को गत वैशाख २ गतेको निर्णयअनुसार मन्त्रालयको कार्यक्षेत्र र कार्यबोझका आधारमा सीमित सङ्ख्यामा सल्लाहकार तथा आवश्यक कर्मचारी रहने व्यवस्था गरिएको हो । निर्णयानुसार ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, पूर्वाधार विकास मन्त्रालय तथा कृषि, वन तथा पर्यावरण मन्त्रालयले नेपाल सरकारका विशिष्ट श्रेणीसरहका एक वैतनिकसहित बढीमा पाँच जनासम्म सल्लाहकार नियुक्त गर्न सक्नेछन । अन्य मन्त्रालयले भने एक वैतनिकसहित बढीमा तीन जनासम्म सल्लाहकार राख्न सक्ने व्यवस्था गरिएको छ ।

प्रधानमन्त्री वालेन्द्र शाहका प्रेस तथा अनुसन्धानविज्ञ दीपा दाहालका अनुसार विकास निर्माण, पूर्वाधार विस्तार तथा बहुआयामिक समन्वय आवश्यक पर्ने मन्त्रालयमा विषयगत विज्ञता उपयोग गर्न सकियोस भन्ने उद्देश्यले यस्तो व्यवस्था गरिएको हो । ती मन्त्रालयमा नियुक्त हुन सक्ने पाँच जनामध्ये एक जना मात्र वैतनिक हुने र बाँकी सल्लाहकार अवैतनिक रहने जसका कारण अतिरिक्त आर्थिक भार नपर्ने उहाँले बताउनुभयो ।

"सरकारको उद्देश्य राज्यको आर्थिक दायित्व बढाउने होइन, जटिल प्रकृतिका मन्त्रालयलाई आवश्यक विशेषज्ञता उपलब्ध गराएर कामको गति र गुणस्तर बढाउनु हो", दाहालले भन्नुभयो, "अतिरिक्त वित्तीय भार न्यून राख्दै सक्षम र प्रभावकारी टिममार्फत परिणाममुखी काम गर्ने सोचअनुसार व्यवस्था गरिएको हो ।"

मन्त्री तथा राज्यमन्त्रीको स्वकीय सचिवालयमा एक प्रमुख स्वकीय सचिव, एक स्वकीय सचिव, एक समन्वय, कार्यान्वयन तथा अनुगमन अधिकृत र एक सञ्चार तथा जनसम्पर्क सहायक रहने व्यवस्था छ । स्वकीय सचिवालयमा एक सहायकस्तर, दुई हलुका सवारी चालक र दुई कार्यालय सहयोगी पनि रहने सक्ने व्यवस्था गरिएको छ ।

यसअनुसार प्रमुख स्वकीय सचिव राजपत्राङ्कित द्वितीय श्रेणीसरह, स्वकीय सचिव तथा समन्वय, कार्यान्वयन र अनुगमन अधिकृत राजपत्राङ्कित तृतीय श्रेणीसरह रहनेछन् । सञ्चार तथा जनसम्पर्क सहायक र सहायकस्तरका कर्मचारी राजपत्राङ्कित प्रथम श्रेणीसरह रहने व्यवस्था छ ।

उक्त व्यवस्थाले मन्त्रालयहरूको नीति निर्माण, कार्यक्रम कार्यान्वयन, अन्तर निकाय समन्वय, सार्वजनिक सञ्चार तथा अनुगमनलाई थप व्यवस्थित बनाउने अपेक्षा गरिएको प्रधानमन्त्री शाहका प्रेस तथा अनुसन्धान विज्ञ दाहालकाको भनाइ छ । विशेषगरी विकास निर्माणसँग सम्बन्धित मन्त्रालयमा विषयगत विज्ञहरूको सहयोगबाट निर्णय प्रक्रिया र कार्यसम्पादनलाई थप प्रभावकारी बनाउने लक्ष्य राखिएको जनाइएको छ ।

यसअघि अन्तरिम सरकारका प्रधानमन्त्री सुशीला कार्कीको कार्यकालमा मन्त्रीको स्वकीय सचिवालयमा बढीमा तीन जना मात्र नियुक्त गर्न सकिने व्यवस्था गरिएको थियो । त्यसअघि मन्त्रीको स्वकीय सचिवालयमा उपस्वकीय सचिव, स्वकीय अधिकृत, प्रशासन सहायक, दुई सवारी चालक र दुई कार्यालय सहयोगीसहित सात जनाको व्यवस्था रहेको थियो ।

# सिटी स्क्यान सेवा बिग्रिएपछि भरतपुर अस्पतालमा बिरामीलाई वैकल्पिक व्यवस्था

नारायणगढ (चितवन), १० असार (रासस) ।

भरतपुर अस्पतालको सिटी स्क्यान मेसिनमा समस्या आउँदा सेवा अवरुद्ध भए पनि बिरामीको सहजताका लागि वैकल्पिक व्यवस्था गरिएको छ ।

अस्पतालमा मेसिन बिग्रेका कारण केही दिनदेखि सेवा प्रवाह गर्न नसकिएपछि निजी अस्पतालहरूसँगको समन्वयमा सेवालाई निरन्तरता दिइएको अस्पतालले जनाएको छ ।

अस्पतालका प्रवक्ता डा रामप्रसाद सापकोटाका अनुसार सिटी स्क्यानका लागि आउने बिरामीहरूलाई मर्का नपरोस् भनी निजी अस्पताल समन्वय समिति (अफिन) चितवनसँग विशेष सम्झौता गरिएको छ । सम्झौताअनुसार भरतपुर अस्पतालमा स्वास्थ्य बीमाअन्तर्गत लाग्ने सरकारी दररेटमै अफिनसँग आबद्ध निजी अस्पतालहरूले सिटी स्क्यान सेवा उपलब्ध गराउने प्रतिबद्धता जनाएका छन् ।

उहाँले भन्नुभयो, "भरतपुर अस्पतालमा बीमाबाट लाग्ने खर्च जति हुन्छ, त्यही दरमा अफिनसँग आबद्ध निजी अस्पतालहरूमा सिटी स्क्यान सेवा उपलब्ध गराइदिन अनुरोध गरेका थियौँ । अफिन चितवनले यो प्रस्ताव स्वीकार गर्दै आफ्ना सदस्य अस्पतालमार्फत सेवा दिने प्रतिबद्धता जनाएको छ । त्यसैले हामीले सिटी स्क्यान सेवालाई निरन्तरता दिइरहेका छौँ ।"

बिरामीहरूलाई भरतपुर अस्पतालकै सवारीसाधनमार्फत तोकिएको निजी अस्पतालसम्म लैजाने र परीक्षणपछि पुनः भरतपुर अस्पतालमै ल्याउने व्यवस्था गरिएको छ । मेसिन मर्मतको क्रममा रहे पनि बिरामीको सेवामा कुनै अवरोध नआउने गरी व्यवस्थापन गरिएको उहाँले बताउनुभयो ।

अस्पतालले मेसिन मर्मत तथा सञ्चालनका लागि आवश्यक प्रक्रिया पनि अघि बढाएको जनाएको छ । भरतपुर अस्पतालको नौ वर्ष पुरानो सिटी स्क्यान मेसिनको एक्स(रे ट्युब बिग्रिएपछि सेवा अवरुद्ध भएको हो ।

अस्पतालका अनुसार नयाँ ट्युब नेदरल्यान्ड्सबाट मगाउनुपर्ने भएकाले सेवा पूर्ण रूपमा पुनः सञ्चालन हुन केही दुई हप्ता लाग्न सक्छ । अस्पतालमा दैनिक करिब ५० जनाले सिटी स्क्यान सेवा लिने गरेका छन् ।

# तीन महिनामा एक लाख ८१ हजार नयाँ मतदाता थपिए

काठमाडौँ, १० असार (रासस) ।

स्थानीय तह निर्वाचनको पूर्वतयारी थालेको निर्वाचन आयोगले बितेका तीन महिनामा एक लाख ८१ हजार ३६७ नयाँ मतदाता थपिएका बताएको छ । पछिल्लो प्रतिनिधिसभा निर्वाचनपछि ती मतदाता थपिएका हुन् ।

उक्त निर्वाचनपछि १८ हजार छ सय २२ वटा मतदाता नामावली अद्यावधिकका लागि निवेदन प्राप्त भएको आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिनुभयो । गत प्रतिनिधिसभा निर्वाचनमा एक करोड ८९ लाख तीन हजार ६८९ मतदाता कायम थिए ।

आयोगले आगामी स्थानीय तहको निर्वाचनको तयारीका लागि मतदाता नामावली अद्यावधिक, मतदान स्थल तथा मतदान केन्द्र पुनरवलोकनलगायत कार्य सञ्चालन गरिरहेको उहाँले बताउनुभयो ।

स्थानीय तह निर्वाचनको तयारी सम्बन्धमा यही असार ४ गतेको राष्ट्रियसभाको राष्ट्रिय समावेशीकरणको सङ्घीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिको बैठकमा आयोगका पदाधिकारीसँग छलफल भएको थियो ।

निर्वाचन हुने निर्धारित मितिभन्दा कम्तीमा छ महिना अगावै निर्वाचन घोषणा, समयमा आवश्यक बजेट उपलब्ध गराउने, आयोग तथा मातहतका निकायका रिक्त पद पूर्ति, मतदाता नामावली व्यवस्थापन प्रणाली स्तरोन्नति, आधुनिक उपकरणबाट मतपत्र छाप्ने तथा गलत सूचना प्रवाह हुन नदिन प्रभावकारी संयन्त्र विकास विषयमा सुझावहरू प्रस्तुत भएका थिए ।

# प्रधानमन्त्री शाह काठमाडौँ प्रस्थान

चितवन, १० असार (रासस) ।


राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को महाधिवेशनमा सहभागी हुन यहाँ आउनुभएका प्रधानमन्त्री एवं पार्टीका वरिष्ठ नेता वालेन्द्र शाह काठमाडौँ फिर्ता हुनुभएको छ । प्रमुख जिल्ला अधिकारी गणेश अर्यालका अनुसार उहाँ बुधवार बिहान उडानद्वारा काठमाडौँ प्रस्थान गर्नुभएको हो ।

प्रधानमन्त्री शाहले पार्टीको महाधिवेशनको उद्घाटनसत्रमा आइतबार सम्बोधन गर्नुभएको थियो भने मङ्गलबारको बन्दसत्रमा सहभागी हुनुभएको थियो । महाधिवेशनबाट शाह वरिष्ठ नेता निर्वाचित हुनुभएको छ । यहाँ रहँदा उहाँले सौराहास्थित हात्ती प्रजनन केन्द्र र चितवन राष्ट्रिय निकुञ्जको भ्रमण गर्नुभएको थियो ।


सूचना ! सूचना !! सूचना !!!

इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र, राजविराजले सम्पूर्ण उपचार सेवाहरू यही मिति २०८२।१०।१२ (26-01-2026) गतेदेखि गीता पेट्रोल पम्प अगाडीको आफ्नै नयाँ भवन इम्प्याक्ट नेपाल ठाको देवी जोगेन्द्र भगत कान उपचार केन्द्र राजविराजबाट अति अत्याधुनिक प्रविधिबाट सुविधा सहित सम्पूर्ण सेवाहरू उपलब्ध गराउने भएको सहर्ष जानकारी गराउँदछौं ।

हाम्रो सेवाहरू:
१. दैनिक कान जाँच तथा उपचार
२. विभिन्न आधुनिक मेसिनबाट कानको परिक्षण (PTA, Tympanogram, EUM)
३. कानको सुन्ने मेसिन (Hearing Aid)
४. इन्डोस्कोपी (Endoscopy)
५. कानको शल्यक्रिया (Operation)
६. फार्मेसी सेवा



सम्पर्क : ०३१-५९०००५
९८०४७४२२८०, ९८४२२७०७२४


**प्रकाशक/सहसम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*